म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ | अङ्क:- १३२ | २०७९ चैत २२ गते बुधबार 5 April 2023, Wednesday - | पृष्ठ ४ | मूल्य रू. ५/-




# खानेपानीको अग्रिम भुक्तानी ७० लाख




समाज संवाददाता

हेटौंडाः नेपाल खानेपानी संस्थानको स्वामित्वमा हुँदा वर्षमा कम्तिमा एकपटक खानेपानी नआएको गुनासो लिएर खाली गार्गीको जुलुस नै लिएर उपभोक्ताहरु संस्थानको कार्यालय घेराउ गर्न जानुपर्ने बाध्यता थियो । तर, नेपाल खानेपानी संस्थानको हेटौंडास्थित शाखालाई स्थानीय बोर्डमा हस्तान्तरण गरेपछि उपभोक्ताले खानेपानीको महसुल भुक्तानी गर्न समेत धाइरहन नपरोस् भनेर अग्रिम रकम भुक्तानी गर्ने गरेका छन् ।

खानेपानीको सुविधा विश्वसनीय भएसँगै महसुल भुक्तानी गर्न उपभोक्ताले बिलिङको समय नै नकुरी अग्रिम भुक्तानी गर्ने क्रम बढेको छ । अहिले हेटौंडा खानेपानी बोर्डमा अग्रिम भुक्तानी रकम ७० लाख रुपैयाँ रहेको बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिनुभएको छ। खानेपानी बोर्डको सेवाप्रति विश्वास गरेर उपभोक्ताले अग्रिम भुक्तानी गर्ने क्रम बढेको उहाँको भनाइ छ। गत आर्थिक वर्षको अन्तिममा ६८ लाख रुपैयाँ रहेको अग्रिम भुक्तानी रकम अहिले बढेर ७० लाख रुपैयाँ पुगेको हो ।

बोर्डले आफ्ना २३ हजार उपभोक्ताको धाराको मासिक महसुल वापत करिब एक करोड रुपैयाँ बिलिङ गर्ने गरेको छ । सेवाक्षेत्र विस्तार हुँदै जाँदा धाराको संख्या बढ्दो क्रममा छ । बोर्डले अग्रिम भुक्तानी गर्ने उपभोक्ताका लागि बिलिङ रकमको ५ प्रतिशत छुट दिने व्यवस्था समेत गरेको छ । बोर्डले अहिले दैनिक १ करोड ८५ लाख लिटर पानी उपभोक्तालाई वितरण गर्दै आएको छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको खराब अवस्थाको बिलिङ पनि नगन्य छ। लामो समयदेखिको बक्यौता रहँदै आएको र सरकारी संस्थानको रुपमा रहेका निकायहरु निश्क्रिय अवस्थामा रहनुले पनि केही बक्यौता खराब अवस्थामा रहेको बोर्डका प्रमुख विष्णुप्रसाद सापकोटाले जानकारी दिनुभएको छ । यातायात व्यवस्था कार्यालयलगायत सरकारी संस्थानको करिब १५ लाख रुपैयाँ रकम असुली हुनै नसक्ने अवस्थामा रहेको उहाँको भनाइ छ। चालु आर्थिक वर्षमा ७ सय ९१ वटा नयाँ धारा जडान भएका छन् । यस्तै उपभोक्ता समितिमार्फत सञ्चालनमा रहेका खानेपानी योजनाहरु पनि बोर्डमा गाभिने क्रम जारी छ ।

## निर्माणका क्रममा पाइपलाइन फुटेर हैरान

हेटौंडाः यसैबीच सडक निर्माणको क्रममा निर्माण व्यवसायीले होसियारी नअपनाउँदा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हैरानी भएको छ । बोर्डका कार्यकारी प्रमुख विष्णुप्रसाद सापकोटाका अनुसार सडक निर्माणको क्रममा निर्माण कम्पनिले मेसिन प्रयोग गरी सडकको दायाँबायाँ ढल निर्माणका लागि खाल्डो खन्ने क्रममा खानेपानीको पाइपलाइनमा क्षति पुग्ने गरेको छ ।

"निर्माण कम्पनिले बोर्डसँग समन्वय नै नगरी काम गर्छ। पाइपलाइनमा क्षति पुगेपछि उपभोक्तादेखि निर्माण कम्पनिले आकस्मिकरुपमा जानकारी गराउँछन्", कार्यकारी प्रमुख सापकोटाले भन्नुभयो, "पाइपलाइनमा क्षति पुगेपछि प्रभावित क्षेत्रमा पानी वितरण नै रोक्नुपर्छ । उपभोक्ताको धारामा पानी नआउने अवस्था हुन्छ। तुरुन्तै जनशक्ति, स्रोत परिचालन गर्न समस्या हुन्छ ।" अझ शनिबार र बिदाको दिनमा निर्माणको कार्य गर्ने क्रममा पाइपलाइनमा क्षति पुग्यो भने मर्मत गर्न अझै समस्या हुने गरेको सापकोटाको भनाइ छ ।

"बिदाको दिन कर्मचारी बिदामा रहने भएकोले क्षति पुगेको स्थानमा तत्काल मर्मत गर्न समस्या हुन्छ", सापकोटाले भन्नुभयो, "निर्माणको कार्य गर्दा निर्माण कम्पनिले समन्वय नगरे पनि स्थानीयले नै समन्वय गर्नुपर्छ भनेर ध्यानाकर्षण गराइदिए स्थानीयले नै सम्भावित क्षतिबाट प्रभावित हुने अवस्था आउने थिएन ।

उपभोक्ता आफैं प्रभावित हुनुपर्छ भन्ने बुझेर निर्माणको कार्य गर्दा होसियारी अपनाइदिए सहज हुने थियो ।"

## बालजागृतिको भर्ना अभियान सुरु

# शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यार्थीलाई आकर्षित गर्ने योजना



भर्ना अभियानअन्तर्गत घरदैलो गर्दै शिक्षकहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, गौरीटारस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयले भर्ना अभियान सुरु गरेको छ । वार्षिक परीक्षा सम्पन्न भएसँगै मंगलबारदेखि भर्ना अभियान सुरु गरेको हो । आउँदो शैक्षिक सत्र-२०८० का लागि नर्सरीदेखि कक्षा-९ सम्मको भर्ना अभियान सुरु गरिएको प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभएको छ ।


प्रधानाध्यापक अधिकारीकाअनुसार भर्ना अभियान अन्तर्गत विद्यालय घरदैलो कार्यक्रममा निस्किएको छ । घरदैलोका क्रममा बालबालिका र अभिभावकहरु विद्यालयको शिक्षण सिकाई र अन्य गतिविधिबाट सन्तुष्ट भएको उहाँले भन्नुभयो। विद्यालयको यस वर्षको शिक्षण सिकाई र अतिरिक्त क्रियाकलापको आधारमा विद्यार्थी र अभिभावक सन्तृष्ट पाइएको उहाँको भनाइ छ। भर्ना अभियान अन्तर्गत घरदैलो कार्यक्रमलाई प्रभावकारी बनाउन ६ वटा समूह विभाजन गरिएको छ । ती समुहलाई विद्यालयको समग्र क्षेत्र समेटिने गरी १/१ वटा क्षेत्र तोकिएको बताउनुभयो ।

प्रत्येक समूह भित्र पनि एकजना शिक्षकलाई संयोजकका रुपमा विशेष जिम्मेवारी दिइएको छ। उहाँहरुले आ-आफ्नो अनुकुल समय निर्धारण गरी अन्य समूहका शिक्षकहरुलाई पनि सहभागी गराई बिहानी र साँझको समयमा अभिभावकलाई भेट्ने गरी अभियानमा लागेको जानकारी दिनुभयो । घरदैलो कार्यक्रमलाई प्रभावकारी रुपमा बनाउन आफ्नो जिम्मेवारी पूरा गरेर प्रशासनमा लिखित जानकारी समेत गरिएको बताउनुभयो ।

उक्त क्षेत्रका तथ्यांक प्राप्त भएपश्चात आवश्यकताअनुसार विद्यालय प्रशासनले सम्पर्क गर्ने र आउँदो वैशाखमा पुनः एक पटक घरदैलो पुग्ने उहाँको भनाइ छ। जसले कुनैपनि बालबालिका विद्यालयबाट बञ्चित नहोस् भन्ने उद्देश्यले विद्यालय उक्त अभियानमा लगेको जानकारी दिनुभयो । आउँदो शैक्षिक सत्रमा नर्सरी, केजीदेखि कक्षा-६ सम्म अंग्रेजी माध्यमबाट कक्षा संचालन गरिने उहाँले जानकारी दिनुभयो ।

प्रधानाध्यापक अधिकारीले प्रथम त्रैमासिक र अर्धवार्षिक परीक्षाको आधारमा शिक्षण सिकाई सुधारोन्मुख रहेको दावी

...बाँकी पृष्ठ ३ मा




# नगरप्रमुख लामा काममा फर्किइन्

समाज संवाददाता

हेटौंडाः पित्तथैलीमा पत्थरीको उपचार पछि हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा काममा फर्कनु भएको छ। नगर प्रमुख लामा मंगलबार बिहानदेखि काममा फर्कनुभएको हो । चैत १२ गते आइतबार काठमाडौंस्थित ओम अस्पतालमा लेजर प्रविधिबाट पत्थरीको उपचार गराउनुभएकी लामा आइतबार हेटौंडा फर्कनु भएको हो । दुईदिन घरमै आराम गर्नुभएकी नगर प्रमुख लामा मंगलबार बिहान कार्यालय पुग्नु भई मेयर्स एकेडेमीले आयोजना गरेको भर्चुअल कक्षामा सहभागी हुन भएको छ ।

हेटौंडा-२ स्थित सिद्धार्थ माविमा स्नातक तहमा कानुन विषय पठनपाठन गर्ने, हेटौंडा-४ स्थित भुटनदेवी माविमा स्नातक तहमा सिभिल इन्जिनियरिङ विषय पठनपाठन गर्ने, फोहर व्यवस्थापनको विषयमा कोरियाली टोलीसँग भेटवार्ता गर्न चैत ८ गते काठमाडौं पुग्नु भएकी नगर प्रमुख लामा तातोपानी पुगेर फर्किपछि स्वास्थ्यमा समस्या देखिएको थियो । आकस्मिकरुपमा स्वास्थ्यमा समस्या देखिएपछि नगर प्रमुख लामाले काठमाडौंस्थित ओम अस्पतालमा उपचार गराउनुभएको हो ।

अहिले स्वास्थ्य अवस्था सहज र सामान्य रहेको उल्लेख गर्नुहुँदै नगर प्रमुख लामाले भन्नुभयो, "नियमित काममा फर्किएको छु । चिकित्सकले सतर्कताका साथ काम गर्न र दुई साता आराम गर्न भनेबमोजिम बिस्तारै काममा फर्किएको छु।" आफ्नो स्वास्थ्य लाभको कामना गर्दै शुभेच्छा व्यक्त गर्नुहुने सम्पूर्णप्रति नगर प्रमुख लामाले आभार व्यक्त गर्नुभएको छ ।



## सम्पादकीय

# लैंगिक हिंसाको अन्त्य

सबै प्रकारको हिंसा अन्त्य गर्नका लागि आवश्यक ऐन, कानुनको व्यवस्था भए पनि हिंसाका घटना भइरहेकै छन् । लैंगिक हिंसाविरुद्ध सरकारी, गैरसरकारी तथा समुदायस्तरमा विभिन्न कार्यक्रम तथा अभियानहरु सञ्चालन भइरहे पनि हिंसाका घटनामा कमी आउन सकेको छैन । एक्काइसौं शताब्दीमा समेत लैंगिक हिंसा अन्त्य हुन नसक्नुले हाम्रो चेतना स्तर र मानसिकतालाई उदाङ्गो पारेको छ । राज्यले सामाजिक न्याय र समानताको सिद्धान्तलाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेर अघि बढेको भए पनि व्यवहारमा असमानता कायमै छ । असमानता अन्त्यका लागि नीति, नियम तथा कार्यक्रमहरु प्रशस्त भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु दूर्भाग्यपूर्ण बनेको छ ।

विगतको तुलनामा लैंगिक हिंसाका घटनामा केही कमी आए पनि यस्ता घटना उल्लेख्य रहनुलाई सकारात्मक मान्न सकिँदैन । पछिल्लो ८ महिनामा मकवानपुर जिल्लामा १७८ जना लैंगिक हिंसामा परेका छन् । हेटौंडा अस्पतालको लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रको तथ्यांकअनुसार चालु आर्थिक वर्षको फागुनसम्म १६६ जना महिला, १० जना पुरुष र २ जना अन्य व्यक्ति लैंगिक हिंसामा परेका छन् । केन्द्रको तथ्यांकअनुसार यस अवधिमा जबरजस्ती करणीका कारण हिंसामा परेका ३६ जना छन् । पछिल्लो ८ महिनामा मासिक न्यूनतम २ जनादेखि अधिकतम ११ जनासम्म जबरजस्ती करणीका कारण हिंसामा परेको तथ्यांकले देखाउँछ । सोही अवधिमा ९ जना यौनजन्य हिंसामा परेका छन् । चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म ६४ जना शारीरिक हिंसामा परेका छन् । यस अवधिमा मासिक न्यूनतम ३ जनादेखि अधिकतम १३ जनासम्म शारीरिक हिंसाबाट पीडित भएको अस्पतालको तथ्यांक छ । यसै अवधिमा जबरजस्ती विवाह र बालविवाहका घटनाबाट पीडित हुने १५ जना छन् । पछिल्लो ८ महिनाको अवधिमा घरेलु हिंसाबाट १६ जना, मानसिक हिंसाबाट ६ जना र अन्य हिंसाबाट ३९ जना पीडित बनेको केन्द्रको तथ्यांक छ । जिल्लाका ८ वटा गाउँपालिकाभित्रका ७० जना र नगरपालिका क्षेत्रका १०५ जना हिंसाबाट पीडित बनेका छन् । जातीय आधारमा सबैभन्दा बढी हिंसा पीडित हुनेमा जनजाति छन् ।

लैंगिक हिंसामा केही पुरुष परेका भए पनि अधिकांश महिलाहरु पीडित हुने गरेको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचना रहेको देशमा महिलाहरु बढी हिंसामा पर्ने गरेका छन् । नेपालमा मात्र होइन, विश्वका सबैजसो विकासोन्मुख देशका महिलाहरु शोषित, पीडित र उपेक्षित बन्ने गरेको पाइन्छ । यस्ता देशका अधिकांश महिलाहरु भेदभाव, अन्याय, अत्याचार, अमर्यादित व्यवहार र अपमानित भएर बाँच्नु परेको छ । लैंगिक हिंसाको मूल जरो र स्रोतको रुपमा रहेको कुरीति, कुसंस्कार र पितृसत्तात्मक सोचमा केही परिवर्तन आए पनि यी समस्या समाजमा अझै व्याप्त छन् । बोक्सीको आरोपमा दिइने शारीरिक तथा मानसिक यातना, बलात्कार, बेचबिखन, विभिन्न प्रकारका शारीरिक तथा मानसिक यातना, छाउपडी, दाइजो, बालविवाह, बहुविवाह आदि लैंगिक हिंसाका मुख्य कारक हुन् ।

राजनीतिक परिवर्तनसँगै महिला अधिकारको पक्षमा सचेतना बढ्दै गए पनि महिलाविरुद्ध हुने हिंसाका घटना अन्त्य हुन सकेको छैन । महिला अधिकारका लागि भएका संघर्ष तथा आन्दोलनले कानुनी अधिकार दिलाए पनि प्रभावकारी कार्यान्वयन नहुँदा महिला हिंसाका घटनामा उल्लेख्य कमी आउन सकेको छैन । हिंसामुक्त समाज र देश बनाउन घर-घरबाटै सचेतना फैलाउँदै आवश्यक प्रयास हुनुपर्छ । महिलाबिरुद्ध भइरहेका हिंसा अन्त्यका लागि मुलुकको विद्यमान नियम कानुन अब्बल रहे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । अधिकांश नेपाली महिलाहरु सामाजिक, सांस्कृतिक र आर्थिक हिसाबले पुरुषभन्दा कमजोर छन् । महिलामैत्री कानुनले मात्रै लैंगिक हिंसा अन्त्य गर्न सक्दैन । भएका कानुनको प्रभावकारी कार्यान्वयनसँगै आवश्यक अन्य नीतिगत व्यवस्थाले लैंगिक हिंसा कम गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्माविश्वासमा वृद्धि हुने समय योग छ ।
**वृष** : व्यापार– व्यवसाय ठिकै रहने समय छ ।
**मिथुन** : भोगविलास र आनन्द प्राप्तिमा खर्च बढ्ला ।
**कर्कट** : लगनशील र मिहिनेतबाट लाभ प्राप्त हुने छ ।
**सिंह** : आर्थिक पक्ष बाधक बन्ने समय योग देखिन्छ ।
**कन्या** : मानसिक विचलनमा कमी आउने समय छ ।
**तुला** : पेशा र व्यवसायका काममा लागी परिने समय छ ।
**वृश्चिक** : रोकिएका कामहरु सम्पन्न हुने समयको योग देखिन्छ ।
**धनु** : व्यापार–व्यवसायहरु मध्यमकारक रहने समय छ ।
**मकर** : ख्याल ठट्टामा समय व्यतित हुने समयको योग छ ।
**कुम्भ** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।
**मीन** : प्रविधिक र सीपमूलक कामबाट लाभ प्राप्त होला ।

# शैक्षिक सुधारको योजना जारी राख्छौं



रमेशप्रसाद सुवेदी

हामी यतिबेला चालु शैक्षिक सत्र २०७९ को अन्तिम चरणमा छौं । परीक्षा सकिएर नतीजा प्रकाशनको तयारीमा छौं । केही दिनमै नयाँ शैक्षिक सत्रको सुरुवात हुँदैछ । विद्यालय भर्ना अभियान सुरु गर्नुपर्नेछ। पछिल्लो समय सामुदायिक विद्यालयमा सर्वसाधारणको चासो र सहभागिता बढ्दो छ । विद्यालयमा अभिभावकको सक्रियता बढेसँगै शैक्षिक गुणस्तर पनि सुधार हुँदै गएको छ ।

चालु शैक्षिक सत्र २०७९ मा हेटौंडा-१० स्थित ज्ञानदा माध्यामिक विद्यालयको शैक्षिक क्रियाकलाप औसत नै रह्यो । विद्यालयको शैक्षिकस्तर समुदायको चाहनाअनुरुप सुधार हुन नसकेको विषयलाई मध्यनजर गर्दै शैक्षिक सत्र २०७९ को प्रारम्भसँगै शैक्षिक सुधारका लागि केही प्रयासहरु थालिएका थिए । जसअन्तर्गत विद्यार्थीहरुमा अनुशासन कायम राख्न र बाहिरी वातावरणमा नअलमिउन् भन्ने उद्देश्यले विद्यार्थीलाई बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म विद्यालयमै राखी नियमित र अतिरिक्त कक्षा सञ्चालन गरियो । बालविकास केन्द्रलाई प्रभावकारी बनाउन स्मार्ट टिभि र पर्याप्त खेल सामग्रीको व्यवस्था गरियो । अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रम नियमित रुपमा सञ्चालन गरियो । जसको कारण विद्यार्थीहरु विभिन्न कार्यक्रमहरुमा पुरस्कृत हुन समेत सफल भए ।

सप्ताहिक परीक्षा सञ्चालन गर्ने र पृष्ठपोषण दिने काम वर्षैभरी जारी राखियो । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको पुनर्गठन गर्ने कार्य सम्पन्न गरियो । विद्यालयप्रति आकर्षण बढाउन अभिभावकको सहमतिमा हाउस ड्रेसको व्यवस्था गरियो । यसबाट विद्यार्थीमा हौसला वृद्धि भएको महसुस गरिएको छ । गणित शिक्षणलाई प्रभावकारी बनाउन गणित प्रयोगशाला निर्माणको थालनी गरिएको छ। हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा कार्यालयको सहयोगमा कम्प्युटर प्रयोगशालामा कम्प्यूटर थप गरिनुको साथै ७५ इन्चको स्मार्ट बोर्ड जडान गरी पठनपाठन थालनी गरिएको छ । ज्ञानदा वृहद अक्षयकोषका लागि हेटौंडा उपमहानगरपालिकाबाट २ लाख ५० हजार रुपैयाँ स्वीकृत भएको छ। यससँगै कोषमा १० लाख ५० हजार रुपैयाँ जम्मा हुनेछ। कोषको व्याजबाट आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई प्रोत्साहनका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

आगामी शैक्षिक सत्र २०८० का लागि विद्यालयले केही योजना बनाएको छ । मिहिनेती, परिश्रमी शिक्षक, कर्मचारीको सामूहिक प्रयासमा आम अभिभावकको अपेक्षाअनुसार बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने गरी हामी महत्वपूर्ण कार्य गर्नेछौं । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी भर्ना गर्दा क्षमता परीक्षण गरेर मात्र भर्ना गरिने छ। ज्ञानदा वृहत अक्षयकोष वृद्धिका लागि प्रयास गरिनेछ । विषयगत प्रयोगशालाहरुलाई व्यवस्थित बनाइनेछ। अतिरिक्त कक्षा र साप्ताहिक परीक्षा निरन्तर रुपमा सञ्चालन गरिने छ । विद्यार्थीहरुमा पठन संस्कृतिको विकास गराउन साताको १ दिन १ पिरियड पत्रपत्रिका पढ्न लगाउने र त्यसमा भएका महत्वपूर्ण समाचारहरु टिपोट गर्न लगाइनेछ ।

विद्यालयको शैक्षिक गतिविधि सञ्चालन र शैक्षिक सुधारका लागि १० नम्बर वडा भित्र रहेका १२ वटा टोल विकास संस्था र ३ वटा आमा समूहका अध्यक्षहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन भइसकेको छ। आगामी शैक्षिक सत्रको प्रारम्भबाट टोल विकास संस्थाका पदाधिकारीसँग समन्वय गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारी, शिक्षक, विद्यार्थी र अभिभावकसहितको टोली निर्माण गरी घरदैलो कार्यक्रम सञ्चालन गरिने छ । विद्यालयले सञ्चालन गरेका राम्रा क्रियाकलापहरुको विभिन्न सञ्चार माध्यामहरुबाट प्रचार-प्रसार गरिनेछ ।

विगत वर्षहरुमा ज्ञानदा माविलाई पठन-पाठन नहुने विद्यालय, विद्यालय व्यवस्थापन समिति र शिक्षकको राजनीति गर्ने थलोको रुपमा हेर्ने गरेको साथै अन्त कतै भर्ना हुन नसकेका अनुशासनहिन, उच्छृङ्खल विद्यार्थी भर्ना गर्ने विद्यालयको रुपमा अभिभावकहरुले हेर्ने गरेकोमा शैक्षिकसत्र २०७९ को प्रारम्भदेखि नै शैक्षिक सुधारका लागि हामीले सञ्चालन गरेका विभिन्न प्रयासहरुका कारण विद्यालयप्रति अभिभावक र समाजको सकारात्मक भावनाको विकास हुँदै गएको देखिन्छ। शिक्षकले चाहेमा सुधार सम्भव छ भन्ने भावना अभिभावकमा पर्न गएको छ ।


अभिभावकको विद्यालयप्रतिको सकारात्मक सोचले गर्दा आगामी शैक्षिकसत्र २०८० मा विद्यार्थी संख्या वृद्धि हुने अपेक्षा राखिएको छ । साथै अभिभावकको यो विश्वासलाई कायम राख्दै आगामी दिनमा विद्यालयको शैक्षिक सुधारको प्रयास जारी राखिने छ ।

*प्रधानाध्यापक*
*ज्ञानदा मावि, हेटौंडा-१०*

# साधनापछि मात्रै थाहा हुन्छ विपश्यनाको लाभ



दीपकराज जोशी



एक्काइसौं शताब्दीको व्यस्त जीवनमा हामी सबैलाई ध्यान अपरिहार्य हुन्छ । त्यसमा पनि कानुनको क्षेत्रमा आबद्ध सबैको लागि यो अत्यन्तै आवश्यक हुन्छ । हरेक मनुष्यको दिमागमा शान्ति, काँधमा जिम्मेवारी र हृदयमा इमानदारी रहेसम्म देश विकासमा यसले टेवा नै पुऱ्याउने गर्दछ ।

सबै नागरिकले यसरी नै काम गरि दिने हो भने सबै क्षेत्रमा विकास हुने र नागरिक पलायन हुनु नपर्ने अवस्था आउन सक्छ । राज्यको एउटा अंग अदालतका माननीय न्यायाधीश, कर्मचारी तथा वकालत क्षेत्रमा कार्यरत विद्वान विदुषीहरु इमानदार मात्र भइदिने हो भने अदालतप्रतिको नागरिक श्रद्धा, विश्वास अक्षुण्ण रहने कुरामा दुईमत हुन सक्दैन ।

हाम्रो दैनिक जीवनमा अनेक मान्छेसँग भेटघाट, बोलीचाली हुँदा पनि मान्छे चिन्तामा रहेका हुन्छन् । साना-साना कुराले सताइरहेको देखिन्छ । मुद्दाका पक्षलाई समेत मिलापत्र गराउन समेत समस्या आउँछ । कसैले केही भन्यो भनेका कारण समेतले समस्या आउन सक्ने हुन्छ ।

स्वस्थ, इमानदार भएर यो जीवन बाँच्न अवश्य गाह्रो भए पनि असम्भव भने पक्कै छैन । यहाँ जोड्न खोजेको कुरा विपश्यनाको हो । विपश्यना यस्तो साधना हो जसले शान्ति मात्र प्रदान गर्दैन, हाम्रो जन्म-मरणको दुष्चक्रबाट बाहिर निकाल्दै दैनिक जीवनमा आइपर्ने घरायसी हुन् चाहे सामाजिक सबै समस्याको समाधान यसै साधनामा रहेको पाउँदछु ।

मैले विपश्यना साधनाको निरन्तर अभ्यास गरेको १२ वर्षभन्दा बढी भइसकेको छ । यो साधनाबाट मैले सबैभन्दा ठूलो कुरा मनुष्य जीवन पाएर आएपछि मुक्त हुन सकिन्छ भन्ने कुरा नै हो । मनुष्यको जीवन दुःखले भरिएको हुन्छ । मनलाई एक डोरोमा हाल्नको लागि निरन्तर अभ्यासको खाँचो पर्छ ।

विपश्यना साधनारत भएको हुनाले प्रत्येक पटकको साधनामा मैले आफूलाई नयाँ पाउँछु । नयाँको मतलब मेरो मनमा संगृहीत भएका संस्कारहरू थोरै भए पनि खाली हुने क्रममा रहेका हुन्छन् भने कतिपय खाली भई पुण्य आर्जनको काम हुन्छ । थोरै पुण्यले ठूलो खतराबाट जोगाउने सामर्थ्य राख्ने भएको कारण पनि अरुप्रति सद्भाव राख्ने, भलो चिताउने, अरुको कल्याणमा आफ्नो कल्याण देख्ने स्वभाव भएका जो-कोही जीवनमा दुःख पाउँदैनन् ।

यो साधना अत्यन्त पुरानो ध्यान शिक्षा हो । यसको निरन्तर अभ्यासबाट मनलाई वास्तविक शान्ति प्राप्त भई मनका हरेक गुण-दोषबाट मुक्त हुन सकिन्छ । विपश्यनाको अभिप्राय जुन वस्तु, स्थिति जस्तो छ त्यसलाई त्यही रुपमा जान्नु-बुझ्नु हो ।

पहिलो नम्बरमा हिंसा नगर्नु भन्ने पर्छ । विपश्यनाको निरन्तर अभ्यास गर्ने बानी भयो भने यो शील महत्वपूर्ण रहेको हुँदा ध्यानमा आफूलाई विकास गर्नको लागि अनिवार्य रूपमा यो शील पालना गर्ने भएपछि कसैले पनि हिंसाजन्य काम गर्नै सक्दैन । त्यसैले न्यायाधीश, वकिल, कर्मचारीहरूलाई यो अनिवार्य छ भन्ने उद्देश्य यस लेखको रहेको छ ।

दोस्रो हो चोरी नगर्नु । अर्काको सम्पत्ति खानको लागि, लिनको लागि वा अन्य कुनै व्यहोराले चोरीजन्य काम गरेर कुनै पनि लाभ-हानि गर्नु/गराउनुहुँदैन भन्ने हो । ध्यानमा आफूलाई विकास गर्न चाहनेले यो शील पनि कडाइका साथ पालना गर्ने भएपछि सबै न्यायपालिकामा सुधारको लागि कुनै आन्दोलन गरिरहनुपर्दैन ।

तेस्रो शीलमा व्यभिचार नगर्नु भन्ने रहेको छ। यो आफ्नो पति-पत्नीको सम्बन्ध बाहेक बाहिर शारीरिक सम्पर्क नगर्नु भन्ने कुरासँग सम्बन्धित भएपछि ध्यानमा विकास गर्न चाहनेले पनि आफ्नो लाभको लागि अनिवार्य पालना गर्न थाल्दछ। जसले गर्दा घर र बाहिरको वातावरण आफैं शुद्ध हुन थाल्छ।

चौथोमा झुटो नबोल्नु रहेको छ । यो शीललाई पनि सबैले कडाइका साथ पालना गर्ने भएपछि कसैले झुटो बोल्दैन ।

पाँचौं शीलमा धुम्रपान, मद्यपान, लागूऔषध वर्जित गरिएको छ। यो शीलको कडाइका साथ पालना गर्दा समेत ठूलो कल्याण हुन्छ भन्ने अनुभवको आधारमा बुझेपछि कसैले पनि अरू तथा आफूलाई समेत हानि हुने काम गर्नै सक्दैन। त्यसैले यो साधना न्यायपालिकासँग जोडिएका हर कोहीलाई अत्यन्त अनिवार्य रहेको छ ।

यस साधनामा लाग्नेहरूलाई अर्को महत्वपूर्ण स्तर भनेको समाधिको हो। यो ध्यान भावना आचरण गर्ने जो-कोही आफूलाई सजगताको अवस्थामा राख्दछ।

सजगता ऊ आफ्ना इन्द्रियप्रति र आफ्ना इन्द्रियले बाहिरी आवरण देखेका कारण कस्तो प्रतिक्रिया गरिरहेका छन् त्यसप्रति सजग हुन थाल्दछन् । हरक्षण आफैंसँग हुने यसै समाधिको माध्यमबाट ज्ञान जागृत हुन्छ । त्यही ज्ञानलाई प्रज्ञा भनिन्छ । रिसबाट पनि ज्ञान लिन सकियो। मायाप्रति सजग भएर पनि ज्ञान लिन सकियो ।

जब कुनै न्यायाधीश वा वकिल आफ्नो कर्मेन्द्रियप्रति सजग हुनथाल्छ त्यसपछि न्यायपालिका शुद्धीकरणको अलग अभियान चलाइराख्नै पर्दैन । न्यायाधीश वकिलहरूलाई ध्यान केन्द्रमा लगेर ध्यानको अभिमुखीकरण सम्बन्धी पहिचान गराउनुको मुख्य उद्देश्य पनि उहाँहरू नियमित ध्यान भावना आचरण गरुन्, आफ्नो र आफ्नो ओहोदामा बस्दा जनतालाई गर्ने सेवामा द्रुत रूपमा सेवा प्रवाह गरी आफू र अरूलाई आनन्दित गरी आफू र आफ्नासँग जोडिएका सबैको कल्याण गरुन् भन्ने मात्र उद्देश्य हो ।

यसबाट धेरैले लाभ पनि लिइरहनुभएको कुरा हामीसँग सम्पर्कमा आउनुभएका व्यक्तिहरुले अनुभव साटासाट गर्दा थाहा पाएका छौं । पहिलो चोटि बारले बैठकबाट निर्णय समेत पारित गरेर यस्तो आध्यात्मिक कार्यक्रममा सहभागी भएको सायदै होला ।

विपश्यनाबाट के लाभ हुन्छ भन्ने कुरा आफैंले गएर साधनामा बसेपछि मात्र थाहा हुन्छ । अतः न्यायपालिकाको शुद्धीकरण वास्तवमै चाहने हो भने विपश्यना ध्यान साधना अत्यन्तै लाभदायक र फलदायक छ । मेरो मात्र अनुभव नभई सयौं साधक-साधिकाको अनुभवले यो कुरा लेखिएको हो ।

त्यसको लागि कानुन मन्त्रालय तथा न्यायपालिकाको नेतृत्वले कर्मचारीको व्यवस्थापन समेत गरेर वृत्ति विकासमा समेत लागू हुने गरी एकदिवसीय ध्यान गराउन उत्प्रेरणा दिने खालको कार्यक्रमको विकास गरिनुपर्छ। यसबाट लाभ मात्र छ।

*लेखक अधिवक्ता हुन् । (स्रोतः अनलाईनखबर)*

# भारतबाट बिना परीक्षण पशु ल्याउँदा वर्षेनि रोग बढेको छ

मकवानपुर जिल्लामा अहिले पशुहरुमा लाग्ने खोरेत रोगविरुद्धको खोप लगाउने तयारी भइरहेको छ । मकवानपुरमा पनि वर्षेनि यो रोगले पशुचौपायाहरु संक्रमित हुने र मर्नेसमेत गरेको छ । यसै सन्दर्भमा समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददाता रवीन्द्र वाइबाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख डा. बज्रकिशोर ठाकुरसँग गर्नुभएको कुराकानी:



**डा. बज्रकिशोर ठाकुर, प्रमुख भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मकवानपुर**

**खोरेत रोग भनेको कस्तो रोग हो ?**

**ठाकुर**: खोरेत रोग गाई, भैंसी, बंगुरलगायत अन्य खुरफट्टा जनावरहरुमा लाग्ने रोग हो । यो पिकोर्ना जातिको विषाणुबाट अति छिटो सर्ने सरुवा रोग पनि हो । खोरेत रोग लागेको जनावर सँग सम्पर्क भएमा वा दूषित दाना, पानी र हावाको माध्यमबाट महामारीको रुपमा फैलने गर्दछ ।

**खोरेत रोगको लक्षण के कस्ता हुन्छन् ?**

**ठाकुर**: खोरेत लागेमा पशुले राम्ररी नखाने, मुख तथा गिजामा पानी फोका आउने र पछि फुटेर घाउ बन्ने, अत्याधिक र्‍याल बगाउने, झोक्राउने, ज्वरो १०५ देखि १०६ डिग्री फरेनहाइटसम्म आउने र खुरको कापमा घाउ हुन्छ र पशु लोसे हुने गर्दछ । यसले गर्दा दूधालु गाई, भैंसीको दूध उत्पादन घट्ने हुन्छ । यसले गर्भ रहेका पशुहरूको गर्भ तुहिन सक्ने र साना बाच्छाबाच्छी, पाडापाडी र पाठापाठीहरु मर्न सक्दछन् ।

**खोरेत रोग कसरी वर्षेनि फैलिरहेको पाइन्छ ?**

**ठाकुर**: नेपालमा खुला सिमानाले गर्दाखेरी प्रायः वर्षेनि खोरेत रोग आउने गरेको पाइन्छ । भारतबाट सिधै परीक्षण नगरी गाईभैंसी, खसीबोका, भेडाच्याङ्ग्रा नेपाल भित्र्याउँदा पनि रोग बढेको हो भन्ने लाग्छ ।

**खोरेत रोग सर्ने तरिका के के हुन्छन् ?**

**ठाकुर**: रोगी पशुहरुसँगै अन्य पशुहरु राख्दा, रोगी पशुको र्‍यालले दुषित बनाएको दानापानी खाएमा, फोहोर बनाएको भाँडाकुँडामा दानापानी खाएमा र रोगी पशुलाई राखेको खोरमा राखेमा यो रोग सर्नसक्छ । हामीले सकेसम्म रोगी जनावरको मासु र काँचो दूध खानुहुँदैन ।

**खोरेत रोग लागे कसरी उपचार गर्ने ?**

**ठाकुर**: खोरेत लागेमा सबैभन्दा पहिला त चिकित्सकको परामर्शमा उपचार गराउनुपर्छ । मुखको घाउ सफा गर्ने, खुट्टाको घाउमा पोटास पानी वा डिटोल वा निलोतुथो वा १० प्रतिशत कपर सल्फेटको झोलले किरा परेको घाउ सफा गर्ने र कुनै मलम औषधि लगाउने गर्नुपर्छ ।

**खोरेत रोग कसरी रोकथाम गर्न सकिन्छ ?**

**ठाकुर**: निरोगी पशुलाई ६-६ महिनामा खोरेत रोगविरुद्धको भ्याक्सिन लगाउनुपर्दछ । रोग लागेको पशुको अवैधरुपमा ओसारपसार गर्न बन्द गर्नुपर्छ । गोठलाई सफा गरी राख्ने र रोगी पशुलाई बेग्लै राख्ने गर्नुपर्छ । रोगबाट मरेकोलाई खाल्डोमा पुर्नुपर्दछ ।

# मनहरी-४ मा सार्वजनिक सुनुवाई

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिका वडा नम्बर ४ को गोलघरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गत आइतबार अधिकार तथा आर्थिक विकासमार्फत् महिला सशक्तिकरण कार्यक्रमअन्तर्गत् सार्वजनिक सुनुवाई कार्यक्रम भएको हो ।

सार्वजनिक सुनुवाईसँगै सार्वजनिक सरोकार र महिलामाथि हुने हिंसाका बारेमा स्थानीय सरकार र महिलाबीच अन्तरक्रियासमेत भएको थियो । कार्यक्रममा मनहरी-४ का वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्य थियो । कार्यक्रममा प्रमुख अतिथि थापाले आफ्नो वडामा बालविवाह गर्नेविरुद्ध कडारुपमा प्रस्तुत हुने बताउनुभयो । उहाँले बालविवाह गराउनेको आमाबुवालाई समेत कानुनी कारबाहीका लागि पहल गर्ने चेतावनी दिनुभयो ।

वडा अध्यक्ष थापाले केटाकेटीको राजीखुसी छ भने २० वर्ष कटेपपछि परिवारले नदिए आफैं अभिभावक बनेर विवाह गरिदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । आर्थिक अवस्था कमजोर भएका परिवारलाई वडा सरकारले मिटर बक्स, शिक्षा र आवास निःशुल्करुपमा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले विद्यालय सुधारका लागि अभिभावक स्वयम् सजग हुनुपर्ने बताउनुभयो । आफ्ना बालबालिकाको पढाईका बारेमा घरमा मात्र नभई स्कूलमा पनि आएर बेलाबेलामा सोधपुछ गर्न उहाँले आग्रह गर्नुभयो ।

शिक्षासम्बन्धी उठेका सवालको जवाफ दिंदै मनहरी गाउँपालिकाका शिक्षा अधिकृत हरिचन्द्र सापकोटाले हरेक विद्यालय प्रविधिमैत्री बनाउने योजनाअनुसार काम भएको बताउनुभयो । उहाँले विद्यालयलाई उपलब्ध गराइएको साधन स्रोत सदुपयोगका लागि निगरानी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गाउँपालिकाले असाध्यै निमुखा ५० जना विद्यार्थीलाई शैक्षिक सहयोग गर्न लागेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा गाउँपालिकाको शिक्षा, कृषि, पशु र बालबालिका शाखा प्रमुखहरुले जवाफ दिनुभएको थियो । मानव अधिकार समूह मनहरीका अध्यक्ष बिमला गोपालीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा ईन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारी, डबलुपीडी कार्यक्रम संयोजक कृष्ण नेपाललगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण शिवकुमार रिजालले गर्नुभएको थियो ।

# चैत २४ गतेदेखि पाठ्यपुस्तक बिक्री सुरु

काठमाडौंः आगामी १ वैशाखदेखि सुरु हुने नयाँ शैक्षिक सत्रको लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले चैत २४ गतेदेखि पाठ्यपुस्तक बिक्री गर्ने भएको छ । यसअघि चैत १५ देखि बिक्री गर्ने भनिए पनि कुनै कक्षाको पुस्तक सेट पूरा हुन बाँकी भएकाले नौ दिन पछि सार्नुपरेको जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए ।

केन्द्रले ६ देखि १० कक्षासम्मका एक करोड ५० लाख थान पुस्तक छपाइ गर्ने जिम्मेवारी पाएअनुसार ९६ प्रतिशत प्रकाशनको काम सकेको छ । बाँकी रहेको पुस्तक चैत २५ गतेभित्र सक्ने केन्द्रको भनाइ छ ।

बाहिरी जिल्लालाई प्राथमिकता दिएर पाठ्यपुस्तक छापिएको र छापिसकेका पुस्तकहरु शाखा कार्यालयमा पठाइसकिएको र शाखा कार्यालयहरुबाट देशभरका एक हजार २६७ बिक्रेताले २४ गतेबाट लिएर विद्यालयलाई बेच्नेछन् । वैशाख १ गतेदेखि १५ गतेसम्म भर्ना अभियान भएकाले उक्त समयावधिभित्र बालबालिकाको हातमा पुस्तक पुगिसक्ने उनले जिकिर गरे ।

पाठ्यक्रम विकास केन्द्रका सूचना अधिकारी डा. बाबुराम ढुंगानाले सरकारको योजनाअनुसार नयाँ शैक्षिक सत्रको सुरुवातमा विद्यार्थीको हात–हातमा पुस्तक पुग्ने बताए । उनले भने, 'जनक शिक्षाले प्रकाशन गर्ने पुस्तक केही प्रतिशत बाँकी छ । एकदम थोरै भएकाले चाँडै सकिन्छ । सरकारको योजनाअनुसार विद्यार्थीले समयमा नै पुस्तक पाउँछन् ।'

आगामी शैक्षिक सत्र २०८० देखि कक्षा ५, ८ र १० मा नयाँ पाठ्यक्रम लागू हुनेछ । जसअनुसार निजी प्रकाशकले ५ कक्षाको र जनक शिक्षा सामग्री केन्द्रले ८ र १० को पुस्तक प्रकाशन गर्नेछ । (स्रोत अनलाइनखबर)

## शैक्षिक गुणस्तर...

गर्नुभयो । एक वर्षको शिक्षण सिकाईको मूल्यांकन भने वार्षिक परीक्षाको नतिजा प्रकाशन पश्चात मात्र हुने बताउनुभयो । विद्यालयले चैत २८ गते वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने तयारी गरेको उहाँको भनाइ छ । ४ कक्षादेखि ९ कक्षासम्मका विद्यार्थीका लागि अतिरिक्त कक्षा संचालनले शिक्षण सिकाई सुधारउन्मुख भएको जानकारी गराउनुहुँदै प्रधानाध्यापक अधिकारीले भन्नुभयो, "विद्यालयले नतिजा प्रकाशन पश्चात् विद्यालयको कमि-कमजोरीलाई सुधार गरी आगामी वर्षको शैक्षिक कार्यक्रमलाई निरन्तरता दिनेछौं ।"

बालजागृतिले आउँदो शैक्षिक सत्रमा अंग्रेजी माध्यममा पठनपाठनलाई प्राथमिकतामा राखेको छ । यस्तै ई-लाइब्रेरी व्यवस्थापन, बाल विकास कक्षामा पूर्वाधारको विकास, विद्यालयमा रंगरोगन, विद्यालयमा यातायातको व्यवस्था र सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण गराउने गरी शैक्षिक एजेण्डा विद्यालयले अघि बढाएको छ । प्रधानाध्यापक अधिकारीकाअनुसार घरदैलो कार्यक्रमका क्रममा संस्थागत विद्यालयका विद्यार्थी समेत सामुदायिक विद्यालयमा आउने मनसाय राखेका छन् । भौतिक संरचनाको अभावकै कारण विद्यार्थीलाई समेट्न चुनौति रहेको उहाँले स्पष्ट पार्नुभयो । घर टाढा भएका विद्यार्थीलाई विद्यालय आउन र घर फर्कन समस्या हुने गरेको छ । अंग्रेजी माध्यम संचालन भएपश्चत् विद्यार्थी संख्या बढ्दा कक्षाकोठा लगायतका पूर्वाधार व्यवस्थापनमा भने विद्यालयलाई चुनौति हुने प्रधानाध्यापक अधिकारीको भनाइ छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९८४ असार

स्वर्गारोहणः २०७९ चैत १८

**स्व. दुण्ड कुमारी नेपाल**

यस श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका उपाध्यक्ष टंकनाथ नेपालका ममतामयी आमा **दुण्ड कुमारी नेपाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नवराज अर्याल, अध्यक्ष

**एवम् श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार**

**हेटौंडा-४, अजरअमररोड**

## Invitation for Sealed Quotation

MAKAWANPURGADHI RURAL MUNICIPALITY
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
MAKRANCHULI,MAKAWANPUR

*Date of first Publication:2079/12/22*

Name of the Office: Makawanpurgadhi Rural Municipality
Address of the Office: Office of Rural Municipal Executive, Makranchuli, Makawanpur
Invitation for Sealed Quotation for the procurement of:
PROCUREMENT AND SUPPLY OF MEDICINE AND SURGICAL ITEMS
Sealed Quotation No:03/MGRM/SQ/GOODS/2079-80

1. The Makawanpurgadhi Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of PROCUREMENT AND SUPPLY OF MEDICINE AND SURGICAL ITEMS .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np.]
3. Bidder must submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GPi.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   a. Name of the Bank: Nabil Bank Limited
   b. Account no.: ग.१-१ आन्तरिक राजश्व खाता नं. 22101017500055
4. Sealed bids must be submitted to www.bopatra.gov.np/egp on or before 12:00 on 2080/01/07. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/01/07 at the office of Rural Municipal Executive, Makranchuli, Makawanpur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs50000/-, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account: नविल बैंकमा रहेको ग.३ स्थानिय तह धरौटी खाता नं. 22101017500037and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## पासपोर्ट हराएको सुचना

यहि मिति २०७९ साल चैत्र १२ गते हेटौंडा– १२, मिलनचोक बस्ने अशोक रुम्बाको सुनौली देखि बुटवल आउने क्रममा बसमा ०९४२६२७१ नम्बरको पासपोर्ट हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८२९१९५३२५**

## घर बहाल लिने बारेको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७९/१२/२२ गते)*

यस राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौंडा, मकवानपुर भाडामा बस्दै आएको घर विविध कारणले खाली गर्नुपर्ने भएकोले यस कार्यालयको लागी तपशिल बमोजिमका उपयुक्त घर भाँडामा लिनुपर्ने भएको हुँदा इच्छुक घरधनीहरुले घरको विस्तृत विवरण (घर जग्गाको क्षेत्रफल, घरको नक्सा, जग्गा धनीपूर्जा, तिरो तिरेको रसिद आदिको छायाँ प्रति) र मासिक भाडा समेत अंक र अक्षरमा स्पष्ट हुने गरी उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौंडाको कार्यालयमा आइपुग्ने गरी शिलबन्दी दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । घर भाँडामा लाग्ने कर घर धनी आफैंले व्यहोर्नु पर्नेछ । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहने छ ।

**तपशिल**

१. ठूला साना गरी कम्तीमा १५ देखि २० ओटा कोठा, २ वटा सटर तथा गाडी, मोटरसाइकलहरु पार्किङ्गको व्यवस्था सहितको पक्की घर ।
२. सरकारी कार्यालयहरु रहेको क्षेत्र वरिपरी (हेटौंडा उपमहानगरपालिका वडा नं. २ भित्र रहेको ।)
३. घरमा बिजुली, पानी ढल निकासको व्यवस्था आदि राम्रो व्यवस्था गरिएको ।
४. कार्यालयको कामको प्रकृति अनुसार सुरक्षाको दृष्टिकोणले सुरक्षित स्थान हुनुपर्ने ।

**राष्ट्रिय परीक्षा बोड**
**शाखा कार्यालय, हेटौंडा, मकवानपुर**
**फोन नं. ०५७–५२४६०२**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
**हेटौंडा-१, भिन्तुनापथ**
**०५७-५२६५८७**

# बालश्रम र सामाजिक विकृतिविरुद्ध स्टीकर

समाज संवाददाता

हेटौंडाः बालश्रममुक्त र सामाजिक विकृति तथा विसङ्गतिरहीत समाज निर्माण गर्न हेटौंडामा स्टीकर टाँसिएको छ । बालश्रम र सामाजिक विकृति तथा विसङ्गतिविरुद्ध सन्देश लेखिएका १०५ थान स्टीकर टाँसिएको हो ।

हेटौंडा उपमहानगरभित्र रहेका होटल, ग्यारेज, सार्वजनिक यातायातहरुमा उक्त स्टीकर टाँसिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । स्टीकर टाँस गर्ने ७ दिने अभियानअन्तर्गत् पहिलो दिन हेटौंडा-१०, बसपार्कबाट उक्त अभियान सुरुवात गरिएको छ । महिला तथा बालबालिका सरोकार केन्द्र (पैरवी समूह) मकवानपुरको आयोजना तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरको सहकार्यमा कार्यक्रम भएको हो ।


सचेतनामुलक स्टिकर टाँस्दै जिसस प्रमुख ललित घलान ।

सामुदायिक प्रहरी उप-सेवा केन्द्र हेटौंडा बसपार्कको समन्वयमा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत् उक्त अभियान सुरुवात गरिएको छ । महिला तथा बालबालिका सरोकार केन्द्रकी अध्यक्ष सरु विकको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा अभियान सुरु गरिएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँको विशेष आतिथ्य थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका कार्यालय प्रमुख वामदेव गौतम, हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको आतिथ्य रहेको थियो ।

# मकवानपुरमा पशुहरुलाई खोरेतको खोप लगाइँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा अहिले पशुहरुमा लाग्ने खोरेत रोगविरुद्धको खोप लगाउने तयारी भइरहेको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख डाक्टर बज्रकिशोर ठाकुरका अनुसार जिल्लाका १० पालिकाहरुको सहकार्यमा खोप लगाउने तयारी भएको हो ।

खोप लगाउनका लागि केन्द्रले १० वटा पालिकाका लागि ८४ जना भ्याक्सिनेटर नियुक्त गरिएको प्रमुख ठाकुरले बताउनुभयो । पालिकाहरुको मागको आधारमा खोप वितरण गरिरहेको उहाँले बताउनुभयो । केन्द्रले अहिले केही पालिकाहरुमा खोप ढुवानी गर्न सुरु गरिसकेको छ । मंगलबार हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा खोप ढुवानी गरिएको छ ।

हेटौंडामा रोग संक्रमण देखिएका र लक्षण देखिएका पशुका लागि १० हजार ५ सय खोप, बकैयाका लागि ५ हजार, बागमतीका लागि ३ हजार खोप पठाइएको छ । कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकाका लागि १-१ हजार खोप पठाउने तयारी गरिरहेको छ । यस्तै, थाहा नगरपालिकाका लागि ५ हजार, मनहरी गाउँपालिकाका लागि ७ हजार ५ सय, भीमफेदी गाउँपालिकाका लागि ३ हजार, इन्द्रसरोवरका लागि १ हजार ५ सय र मकवानपुरगढी गाउँपालिकाका लागि ८ हजार ५ सय खोप पठाउने तयारी भइरहेको बताइएको छ । खोप निःशुल्क लगाउन सकिनेछ । अबको १५ दिनभित्र जिल्लामा खोरेत रोगको सुई लगाउने तयारी भएको उहाँले बताउनुभयो ।

# विभिन्न घटनामा सोमबार ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रे, सिन्धुली र चितवन जिल्लामा भएका विभिन्न घटनामा सोमबार ४ जनाको मृत्यु भएको छ । काभ्रे जिल्लामा एक बालकको खोलामा डुबेर मृत्यु भएको छ भने सिन्धुलीमा एक वृद्धको आगोले पोलेर मृत्यु भएको छ । यता चितवनमा भने सवारी दुर्घटनामा परी दुईजनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रे जिल्लाको पाचँखाल नगरपालिका-११ को बाँसकोटे पोखरीमा १२ वर्षीय प्रयास तामाङको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । तामाङ सोमबार बासँकोटे पोखरीमा पौडि खेल्ने क्रममा डुबेर ३ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-२, तीनघरेमा आगोले पोलेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा तीनघरेमा बस्ने ८२ वर्षीय बल बहादुर मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मगर सोमबार दिउँसो २ बजेको समयमा खरबारीमा लागेको आगो निभाउन गएकोमा ५ बजेर १५ मिनेटको समयमा आंशिकरुपमा जलेर घोप्टो परी मृत्त अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मगरको छेउमा निजले बोक्ने गरेको हँसिया र सुकेको स्याउला फेला परेका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको तथा घटनास्थल मुचुल्का कार्यपश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य चौकी खाङसाङ् लगिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-३, चुम्लिङटारमा सवारी दुर्घटना हुँदा एकजना मृत्यु भएको छ । सोमबार ८ बजेको समयमा पृथ्वीराजमार्गमा चुम्लिङटारबाट धादिङ हुग्दीखोलातर्फ जाँदै गरेको बा ५६ प २९८३ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई भित्तामा ठोकिँदा धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३ बस्ने २४ वर्षीय अन्जन सिलवाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मोटरसाइकल आफै अनियन्त्रित भई भित्तामा ठोकिँदा सिलवाल गम्भिर घाइते भएका थिए । घाइते सिलवाललाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको थियो । सिलवालको उपचारको क्रममा बेलुका १० बजेर २५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-४, लेवटारमा सवारी दुर्घटना हुँदा एकजना मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । सोमबार मुग्लिनबाट काठमाडौंतर्फ गइरहेको भारतीय नम्बर युपी ७० डीटी ६०५५ रहेको ट्याङकर आफैं अनियन्त्रित भई सडकछेउमा पल्टिँदा ट्याङकरमा सवार तनहुँ जिल्लाको व्यास नगरपालिका-१ घर भई हाल चितवन जिल्लाको भरतपुर महानगरपालिका-५, गीतानगर बस्ने ३४ वर्षीय सन्तोष खनालको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । ट्याङ्कर चालक भारत बरौनीका २९ वर्षीय राम बतन ताती घाइते भएका छन् । घाइते तातीको स्थानीय ट्रमा सेन्टर कुरिनटारमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ । ट्याङकर नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# भुटनदेवी माविद्वारा सरोकारवालासँग सुझाव संकलन




समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित भुटनदेवी माविले आगामी शैक्षिकसत्रका लागि सरोकारवालासँग सुझाव संकलन गरेको छ । मंगलबार विद्यालयमा अन्तरक्रियाको आयोजना गरेर सुझाव संकलन गरेको हो । विद्यालयले यसअघि विद्यार्थीसँग समेत सुझाव संकलन गरी शिक्षक-कर्मचारीबीच योजनाका विषयमा छलफल गरिएको प्रधानाध्यापक माधवप्रसाद दाहालले जानकारी दिनुभयो ।

छलफलमा सहभागीले विद्यालयका प्रधानाध्यापकको सशक्त नेतृत्व हुनुपर्ने, शिक्षकहरुको क्षमता विकास गरिनुपर्ने, विद्यार्थीलाई रचनात्मक हुन प्रेरित गर्नुपर्ने सुझाव दिएका छन् । भुटनदेवी माविले विद्यालयको शिक्षक-अभिभावक संघका अध्यक्ष नारायण तिमल्सिनाको संयोजकत्वमा नयाँ भर्ना अभियान सुरु गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फूर्वा दोर्जे लामाले सर्वपक्षीय सल्लाह, सुझावका आधारमा विद्यालयले उपयुक्त काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । १० नम्बर वडा अध्यक्ष समेत रहनुभएका लामाले स्नातक तहमा सिभिल इन्जिनियरिङ विषय सञ्चालन गर्न आवश्यक तयारी भइरहेको जानकारी दिनुभएको छ ।

अन्तरक्रियामा हेटौंडा-४ का वडा सदस्य जगन्नाथ पाण्डे, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवम् सल्लाहकार समितिका संयोजक गोविन्द दाहालको पनि उपस्थिति रहेको थियो । प्राविधिक विषय समेत पठनपाठन हुने भुटनदेवी माविमा एक हजार छ सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

## नागरिकता हराएको सुचना

यहि मिति २०७९ साल चैत्र १९ गतेका दिन नवराज गौतम नाम गरेको ३०१००८/१६२९५९ नम्बरको नागरिकता भैरवरोड चोक देखि स्कुलरोड हुँदै बजार परिक्रमा गर्ने क्रममा हराएको हुँदा कहिंकतै भेट्नु वा पाउनु हुने महानुभावले दाजुभाई स्वीट्स एण्ड फाष्टफूड वा नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।
सम्पर्कः ९८५५०८८२६५, ९८४५६२२२२६

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३


शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं ।

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भाग २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको सक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक आभार



यस चन्द्रोदय मा.वि. को २०७९ चैत्र १५ गते बसेको व्यवस्थापन समितिको बैठकबाट मलाई अध्यक्ष पदमा सर्वसम्मत् चयन गर्नु भएकोमा तपाईहरु सम्पूर्ण अभिभावक, विद्यालय व्यवस्थापन समितिका शिक्षाप्रेमी सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु साथै विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न सदा सर्वदा लागी परिरहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

इवाकर मैनाली, अध्यक्ष
चन्द्रोदय माध्यमिक विद्यालय
हेटौंडा-८, कमाने

शैक्षिक सत्र २०८० का लागि
नर्सरीदेखि कक्षा ९ सम्म
भर्ना खुल्यो



विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

ज्ञानोदय बालबाटिका आवासीय मावि
हेटौंडा-५, पिप्ले
९८५५०६८९४०/९८०१०२९२०५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ